*Received date: January, 2026*
*Accepted date: March. 2026*
*Published date: May, 2026*

# 'जङ्गबहादुरको कर्खा'मा मिथक
# (Myth in 'Jung Bahadur's Karkha')

**लक्ष्मी ढुङ्गेल**
उपप्राध्यापक (नेपाली)
मेची बहुमुखी क्याम्पस, नेपाली विभाग, त्रिभुवन विश्वविद्यालय, नेपाल
Email : laxmidhungel255@gmail.com

*शब्दकुञ्जी :* संरचनावाद, द्विआधारी विरोधाभास, मिथक एकाइ, सार्वभौम, बहुआयामिकता

*Keywords:* Structuralism, binary opposition, myth, universality, multidimensionality

**लेखसार :**
*प्रस्तुत शोधलेख नेपाली लोकगाथाको परम्परामा ऐतिहासिक विषयवस्तुमा आधारित 'जङ्गबहादुरको कर्खा' लोकगाथामा प्रयुक्त मिथकको संरचनात्मक अध्ययनमा केन्द्रित छ। संरचनावादी क्लड लेभी स्ट्राउसले अघि सारेको मिथकीय संरचनाको सिद्धान्तअनुसार प्रस्तुत लोकगाथामा मिथकको प्रयोगको अवस्था कस्तो छ ? भन्ने विषय नै यस लेखको मूल समस्या हो। त्यसैले लोकाख्यानशास्त्रीय संरचनावादी विश्लेषक क्लड लेभी स्ट्राउसको मिथक एकाइ विश्लेषण र द्विआधारी विरोधाभासको सिद्धान्तलाई केन्द्रमा राखी प्रस्तुत गाथाको मिथकीय स्वरूपको अध्ययन यसमा गरिएको छ। उनको सिद्धान्तका आधारमा गरिएको अध्ययनलाई पूर्णता दिन परवर्ती प्रकार्यवादी ब्रोनिस्लाभ मेलिनोभ्स्की र धार्मिक अस्तित्ववादी चिन्तक मिर्चिया इलियाडका मान्यतालाई पनि सहायक सिद्धान्तका रूपमा लिइएको छ। निगमनात्मक शोधविधिमा आधारित यस अध्ययनमा प्रस्तुत कर्खाभित्र रहेका घटनाहरूलाई मिथक एकाइहरूमा विभाजन गरी तिनमा निहित द्विआधारी विरोधाभासका आधारमा समूहीकरण गर्दै मिथकीय संरचनाको अध्ययन गरिएको छ। यस क्रममा 'जङ्गबहादुरको कर्खा'लाई एउटा ऐतिहासिक तथ्यको वर्णनका साथै राजकीय शक्ति तथा सत्तालाई नैतिक दैविक औचित्य प्रदान गर्ने मिथकीय सूत्रका रूपमा समेत स्थापित गरिएको छ। गुणात्मक अनुसन्धान पद्धतिको प्रयोग गरिएको यस अध्ययनले प्रस्तुत कर्खामा व्यवस्था र अराजकता, प्रकृति र संस्कृति, मानव र देवता, वीर र करूण रस, युद्ध र शान्ति, वर्तमान र अतीत, सुख र दुःख जस्ता द्विआधारी विरोधाभासहरूको पहिचान गरी तिनको तार्किक समाधानको प्रक्रियाको खोजी गर्दछ। गाथानायकको बलिदानीद्वारा सामाजिक राजनैतिक अराजकतालाई स्थायी व्यवस्थापनमा रूपान्तरण गर्ने सांस्कृतिक प्रक्रिया नै यस गाथाको आन्तरिक संरचना हो। प्रस्तुत अध्ययनले यस गाथाले एउटा रैखिक घटनाक्रमको वर्णनका अतिरिक्त मानवचिन्तनमा पाइने गूढ द्वन्द्वहरूको प्रतीकात्मक समाधान गर्ने एक जटिल सांस्कृतिक संरचनाका रूपमा पनि आफ्नो अस्तित्व कायम राखेको निष्कर्ष निकालेको छ।*

## Abstract
*The primary focus of this study is to analyze the application of structuralism in the interpretation of Lokayat (folk narrative). The primary objective of this research is to ascertain the relevance of structuralist principles in the analysis of folk narratives as delineated in this text. The study has been conducted using a structuralist analytical framework, explicitly focusing on mythological structuralism, and by examining the mythic form of the chosen narrative. To enhance the studys theoretical framework, concepts from subsequent structuralist theorists, including Bronislaw Malinowski and the religious existentialist Mircea Eliade, have been incorporated as supplementary theoretical perspectives. Utilizing qualitative research methodology, this study analyzes 36 folk narratives within the text, organizing them into thematic categories and examining their mythic structures through the lens of underlying binary oppositions. In this process, the folk narrative has been established both as a description of historical facts*

*(diachronic, temporal) and as a mythic formula that provides moral and ethical justification to political power and authority (synchronic, timeless). The study employs qualitative research methods to delineate binary oppositions, including order/chaos, nature/culture, human/divine, heroism/compassion, war/peace, present/past, and happiness/sorrow, within the chosen narratives, and investigates the logical resolution of these oppositions. The internal structure of the narrative is elucidated as a cultural mechanism that converts social and political chaos into a stable governance system via the heros sacrificial offering. The study concludes that the folk narrative transcends a mere linear recounting of 36 episodes; it persists as a complex cultural framework that symbolically reconciles profound conflicts inherent in human consciousness.*

**विषयपरिचय**

नेपाली लोकगाथाका विविध भेदहरू छन् र तीमध्ये कर्खा पनि एक हो । यो लोकगाथाको एउटा ऐतिहासिक र वर्णनात्मक विधा हो । विशेष गरी कर्खामा ऐतिहासिक रूपमा लोकमा प्रसिद्ध वीर पुरुषहरूको शौर्य, वीरता र पराक्रमको महिमागान गर्दै सङ्गीतात्मक प्रस्तुति गरेको पाइन्छ । यो मूलतः इतिहास प्रसिद्ध व्यक्तित्वको सम्झनामा आधारित हुने गर्दछ । कर्खामा प्रस्तुत गरिएका तिथिमिति, तथ्य, समय, घटना आदि विवरणहरू प्रायः वास्तविक नै हुने गर्दछन् तर श्रुतिपरम्परामा विकसित हुँदै जाँदा त्यसको मूल रूपमा विकार आई सन्दिग्धता पनि उत्पन्न हुने स्थिति देखापर्दछ । यसको गायन गर्ने काम मूलतः गाइने वा गन्धर्व जातिहरूले गर्दछन् । सारङ्गीको आरोहअवरोहका साथ वीरहरूको चरित्रलाई शब्दद्वारा चित्रित गर्दै गाइने लोकगाथाको भेद कर्खामा गाथाका अन्य भेदहरूमा भन्दा गेय गुण कम र वर्णनात्मक कवित्व बढी हुने गर्दछ । नेपाली लोकजीवनमा पृथ्वीनारायण शाह, बलभद्र कुँवर, भक्ति थापा, अमरसिंह थापा, जङ्गबहादुर राणा जस्ता ऐतिहासिक पात्रहरूको जन्म, मृत्यु, युद्धकौशलको बखान गरिने लोकगाथाको कर्खा प्रभेद मौखिक परम्परामा जीवित रहीआएको देखिन्छ ।

लोकगाथामा पनि मिथकको प्रयोग भेटिन्छ । त्यसैले लोकगाथालाई दन्त्यकथा वा काल्पनिक कथा मात्र नमानी मानवजीवन र तिनको अस्तित्वसँगका गम्भीर प्रश्न, सामाजिक द्वन्द्व र प्रकृतिसँगको सम्बन्धको प्रतीकात्मक अभिव्यक्ति गर्ने माध्यमका रूपमा पनि बुझ्न आवश्यक छ । कर्खामा प्रयुक्त मिथकीय स्वरूपले मानव मनोविज्ञान र सामाजिक–सांस्कृतिक मूल्यमान्यताको पहिचान गर्न पनि मद्धत पुर्‍याउँछन् । मिथक र गाथा एकअर्काका पूरक हुन् । गाथाले मिथकलाई जीवन्त राख्छ भने मिथकले गाथालाई गहन सांस्कृतिक र प्रतीकात्मक अर्थ प्रदान गर्दछ ।

नेपाली लोकगाथाको परम्परामा ऐतिहासिक विषयवस्तुमा आधारित 'जङ्गबहादुरको कर्खा' एक वीर रसप्रधान गाथा हो । नेपाली लोकगाथाका क्षेत्रमा विशेषतः लोकगाथाको बाह्य वा बुनोट पक्षको अध्ययन गर्ने काम प्रशस्त भएका छन् तर गाथाको बनोट वा यसको आन्तरिक तहका रूपमा रहेको मिथकलाई आधार बनाई त्यसको संरचनात्मक पक्षका बारेमा व्यवस्थित रूपमा अध्ययन गर्ने काम भएको पाइँदैन । त्यसैले संरचनात्मक कोणबाट 'जङ्गबहादुरको कर्खा'मा प्रयुक्त मिथकको अवस्था र यसको आन्तरिक संरचनाको विश्लेषण गर्नु यस शोधलेखको मुख्य ध्येय रहेको छ ।

**समस्याकथन, शोधप्रश्न र उद्देश्य**

नेपाली लोकगाथाको अहिलेसम्मको अध्ययन परम्परालाई नियाल्दा यससम्बन्धी अध्ययनहरू गाथाको बाह्य वा बुनोट पक्ष र ऐतिहासिकताको वर्णनमा मात्र केन्द्रित देखिन्छन् । 'जङ्गबहादुरको कर्खा' जस्ता ऐतिहासिक गाथाको बनोटको तहमा लुकेर रहेको मिथक र त्यसले प्रतीकात्मक रूपमा दिने तार्किक अर्थतर्फ अध्येताहरूको ध्यान पुग्न सकेको देखिँदैन । त्यसैले प्रस्तुत कर्खामा अन्तर्निहित ऐतिहासिक तथ्यलाई मिथकीय सूत्रका रूपमा व्याख्या नगरिनु नै यस शोधलेखको मुख्य समस्या हो । यसर्थ उक्त समस्यामा केन्द्रित भई यस अध्ययनमा विशेषतः 'जङ्गबहादुरको कर्खा'मा मिथकको प्रयोगको अवस्था कस्तो छ ? यस गाथाभित्र कुन कुन द्विआधारी विरोधाभासहरू विद्यमान छन् र तिनले गाथाको आन्तरिक संरचना निर्माणमा कसरी सहयोग पुर्‍याएका छन् ? भन्ने प्रश्नको उत्तर खोजिने छ ।

प्रस्तुत शोधलेखको मुख्य उद्देश्य 'जङ्गबहादुरको कर्खा'मा प्रयुक्त मिथकको अवस्था विश्लेषण गर्दै त्यसभित्र निहित मिथकीय

संरचना र द्विआधारी विरोधाभासहरूको खोजी गर्नु हो । यसका साथै लोकगाथाको अन्तःगर्भमा लुकेर रहेका सामाजिक–सांस्कृतिक तार्किकता र मूल्यमान्यतालाई संरचनात्मक कोणबाट प्रकाशमा ल्याउनु पनि यसको उद्देश्य रहेको छ ।

**पूर्वकार्य र शोधअन्तराल**

नेपाली लोकगाथाको पहिचान, सङ्कलन र वर्गीकरणका क्षेत्रमा विभिन्न अध्येताहरूको भूमिका उल्लेखनीय छ। यसै क्रममा मोतीलाल पराजुलीले आफ्नो कृति नेपाली लोकगाथा (२०४९)मा 'जङ्गबहादुरको कर्खा'लाई सङ्कलन र सम्पादन गरी यसको ऐतिहासिक गरिमालाई सुरक्षित राख्ने काम गरेको पाइन्छ। उनको यस गाथाको कथावस्तु र रसको बारेमा संक्षिप्त टिप्पणी गरे पनि यसको मिथकीय पक्ष र त्यसले दिने तार्किक अर्थको खोजी गरेका छैनन् ।

त्यस्तै मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइँटेलले लोकवार्ताविज्ञान र लोकसाहित्य (२०६३)मा 'जङ्गबहादुरको कर्खा'लाई ऐतिहासिक विषयवस्तुमा आधारित वीर रसप्रधान गाथाका रूपमा वर्गीकरण गरेका छन् साथै ऐतिहासिकता, संरचना, पात्र, भाषिक प्रयोग आदि पक्षबाट यसको अध्ययन विश्लेषण गरे पनि संरचनावादी मिथकीय सिद्धान्तका आधारमा यसलाई केलाउने काम गरेको देखिँदैन। कपिलदेव लामिछानेले लोकसाहित्य सिद्धान्त (२०७७)मा यस कर्खालाई ऐतिहासिक गाथाका रूपमा राखेका छन् ।

चूडामणि बन्धुले नेपाली लोकसाहित्य (२०५८)मा 'जङ्गबहादुरको कर्खा' बारेमा संक्षिप्त अध्ययन गरेका छन् । उनको अध्ययन पनि गाथाको विषयवस्तु र यसका ऐतिहासिक पक्षको उद्घाटनमै सीमित देखिन्छ। यीबाहेक नेपाली लोकसाहित्यका अन्य प्रमुख सङ्कलक, खोजकर्ता तथा अध्येताहरू धर्मराज थापा र हंसपुरे सुवेदी, कृष्णप्रसाद पराजुली, ठाकुरप्रसाद पराजुली, देवकान्त पन्त आदिले पनि प्रस्तुत कर्खाका बारेमा चर्चा गरेको पाइन्छ तर ती सबै अध्ययनहरू लोकगाथाको बाह्य पक्षमा मात्र आधारित ऐतिहासिक वर्णन र विषयगत क्षेत्रमा मात्र सीमित देखिन्छन् । यी अध्येताहरूले प्रस्तुत कर्खाको ऐतिहासिक र साहित्यिक कोणबाट अध्ययन गरे पनि क्लड लेभी स्ट्राउसको संरचनावादी मिथक सिद्धान्तका आधारमा अध्ययन गरी यसको आन्तरिक संरचनालाई खोतल्ने काम गरेका छैनन् । यसभन्दा अघिल्ला अध्ययनहरूले गाथाका घटनाहरूलाई केवल ऐतिहासिक तथ्यका आधारमा मात्र व्याख्या गरेका छन् तर ती घटनाहरूले कसरी मानव मस्तिष्कको अन्तर्निहित संरचना र सामाजिक विरोधाभासहरूको तार्किक समाधान गर्छन् भन्ने पक्ष ओझेलमा परेको छ। ऐतिहासिक तथ्यलाई "मिथकीय सूत्र"का रूपमा व्याख्या नगरिनु नै यस क्षेत्रको प्रमुख शोधअन्तराल हो। त्यसैले यही रिक्ततालाई पूर्ति गर्न र गाथाको आन्तरिक संरचना पहिल्याउन यो शोधलेख केन्द्रित रहेको छ।

**सैद्धान्तिक पर्याधार र विश्लेषणका सूचकहरू**

लोकसाहित्य होस् वा लिखित साहित्य, दुवैमा मिथकको विशिष्ट स्थान रहन्छ। मुखोच्चारित वाणीलाई ग्रीसमा मिथ भनिन्थ्यो (कडन, १९६२, पृ. ५६२)। कार्ल गुस्ताभ युङ, क्लड लेभी स्ट्राउस, रोला वार्थ आदि लेखक चिन्तकहरूका मनोवैज्ञानिक, भाषाशास्त्रीय, मानवशास्त्रीय व्याख्या विश्लेषणले मिथको अर्थ विस्तार गर्दै यसलाई अतीतको विषय मात्र मानेनन् । ऐतिहासिक, सांस्कृतिक विकासको क्रमसँगै मिथकको सन्दर्भ र विकास गतिशील बनिरहेको पाइन्छ (मल्ल, सन् २०१६, मल्ल, सन् २०२० मा उद्धृत) । मिथक साहित्य समालोचनामा भएका नवीनतम मान्यताहरूमध्ये एक हो । यो उत्तरआधुनिक चेतना हो । यसले कला वा साहित्यलाई परम्पराभन्दा भिन्न मिथकीय दृष्टिले पनि हेर्न सकिन्छ भन्ने मान्यता राख्दछ। मानव सत्य सदैव परिवर्तनशील छ। त्यसैले ऐतिहासिक तथ्य र सन्दर्भहरू पनि लगातार रूपान्तरित भइरहन्छन् । यसरी सत्य निरन्तर परिवर्तन भइरहेको अवस्थामा पनि मानवले तटस्थ भावको विकास तथा इच्छाहरूको परित्याग गर्दै आंशिक स्वतन्त्रताको अनुभूति प्राप्त गर्न सक्छ (उप्रेती, २०६८, पृ. १२)। मिथकहरूको हाम्रो सामूहिक अचेतनमा गहिरो प्रभाव रहन्छ। मिथक व्रह्माण्डमा मानवीय सत्ताको दार्शनिक जिज्ञासा हो। यसको संरचना प्राकृतिकता, धर्म तथा कर्मकाण्डहरूबाट बनेको हुन्छ। मिथकीय नायकहरू सधैँका लागि मानिसका आशाका प्रतीक हुन (श्रीवास्तव, सन् १९९१, पृ. १७०) । हाम्रा प्राचीन ग्रन्थहरूमा युग जीवनका अनुभव र सामाजिक सांस्कृतिक आस्था मुखरित भएका भेटिन्छन् । त्यसैले तिनमा प्रयुक्त मिथकले हामीलाई मानवसभ्यताको सर्वेक्षण गर्न मद्धत गर्दछन् । सामाजिक जीवनमा अस्तित्वमा रहेका हाम्रा प्राचीन पुराकथा, परिकथा, दन्त्यकथा आदिमा पनि मिथकीय रूपमा सत्यको अभिव्यक्ति रहन्छ । हाम्रा धार्मिक सांस्कृतिक अनुष्ठान आदिमा सत्यको प्रतीकात्मक अभिव्यक्तिहरू भेटिन्छन् र त्यस्ता सत्यताका अभिव्यक्तिहरू मिथकीय आवरणभित्र लुकेर रहेका हुन्छन् (कक्षपति, २०७८, पृ. ३५) । कृति वा पाठकको मूल रूपलाई भत्काएर अर्कै रूप तयार गर्ने पद्धति नै मिथक हो (गौतम, २०६६, पृ. ३८) । मिथकीय चिन्तनको विकास कला वा साहित्यका क्षेत्रमा विनिर्माण र पुनः निर्माणकै क्रममा भएको देखिन्छ।

सामूहिक अचेतनको गहिरो प्रभाव मनोविज्ञानका क्षेत्रमा पनि भेटिन्छ । मनोविश्लेषणले व्यक्तिगत व्यक्तित्वलाई प्रकाश पार्ने काम त गऱ्यो तर पनि पुराण जातिविशेषकै चरित्र वा मनसँग सम्बन्धित हुने भएकाले यी दुवै विषयक्षेत्रका आआफ्नै मौलिक पक्षहरू छन् । पुराणहरूले विशेषतः कुनै पनि जाति विशेषका आशा, मूल्य, आकाङ्क्षाहरू उद्घाटित गर्दछन् (अधिकारी, २०६१, पृ. ५३) । मिथकमा प्रकृतिलाई आधार बनाई बिम्बको प्रयोग गरिएको हुन्छ र त्यस्ता कुराहरू मानवसभ्यताको आदिकालदेखि नै परम्परामा हुर्किएका हुन्छन् । मिथकीय अभिव्यक्तिले मानिसको विकास, संस्कार र रहनसहनलाई प्रकृति र समाजबिच आफ्नो पारम्परिक अभिवृद्धि तथा आचारको अनुकूल सामञ्जस्य स्थापना गर्न सहयोग गर्ने मानवजातिको बौद्धिक हतियारका रूपमा काम गर्दछ (राणा, २०४५, पृ. १६६) । मिथकीय समालोचना युङको सामूहिक अचेतनसँग बढी नजिक छ । सामूहिक अचेतनले आदिम कालदेखिका झलक र अवशेषलाई बोक्ने भरियाको रूपमा काम गर्दछ । आदिम मानवका मनोवृत्तिहरू मिथकका रूपमा व्यक्त हुने भएकाले मान्छेले आफैँ निर्माण गरेका र भत्काएका नैतिक नियम र मूल्यमान्यताहरू, आफैँ खोजेका र हराएका सांसारिक एवम् आध्यात्मिक परिकल्पनाहरू, आफ्ना मनका रागविराग, प्रेम, घृणा, त्रास, द्वेष, उत्साह र शोकहरू तथा जीवनसम्बन्धी अनुभवजन्य झिल्काहरू मिथकीय प्रतीकात्मक रूपसंरचनाबाट अभिव्यक्त हुँदै आएका छन् (त्रिपाठी, २०४९, पृ. २०८-२०९) । यी विचारहरूबाट मिथक मानवजातिको एक सामूहिक कथा भएको र आदिम मानवजातिमा यसको वास्तविक रूपको झल्को रहेको देखिन्छ । यसले अतिमानवीय भएर पनि मानवकै समस्यालाई प्रकाश पार्नुका साथै मानवसभ्यताको सर्वेक्षण गर्नका लागि आधार सामग्रीका रूपमा काम गर्ने देखिन्छ । मिथकमा अतिप्राकृतिक, अलौकिक, अदृश्य र अतिरञ्जित तत्वहरूको प्रबल भूमिका रहन्छ । मिथकले आदिम मानवजीवनको सामूहिक चेतना र विश्वासलाई सशक्त एवम् प्रभावकारी रूपमा प्रतिबिम्बित गर्दछ । यसका साथै आधुनिक मानवसमाजलाई पनि मिथकले गहिरो रूपमा प्रस्तुत गर्दछ ।

प्रस्तुत लेखको सैद्धान्तिक आधार संरचनावाद र यसभित्र पनि विशेष गरी क्लड लेभी स्ट्राउसको मिथकीय संरचनावादी चिन्तन हो । पाश्चात्य समालोचनाका क्षेत्रमा विकसित समालोचना प्रणालीहरूमध्ये बिसौँ शताब्दीको एक प्रसिद्ध समालोचना पद्धति संरचनावाद हो । यसको विकास आधुनिक समालोचना प्रणालीका रूपमा भएको हो । यो भाषाशैलीपरक वस्तुवादी समालोचना प्रणाली हो । यसको बिज स्वरूप ससुरको भाषावैज्ञानिक चिन्तनमा भेटिन्छ । उनको वर्णनात्मक भाषावैज्ञानिक चिन्तनबाट प्रभावित गतिविधिका रूपमा लिइने संरचनावाद कृतिविशेषका खास गुणमा भन्दा त्यसमा अन्तर्निहित संरचनासँग सम्बद्ध भाषिक चिन्तन हो । ससुरको द्विविभाजनसम्बन्धी भाषिक अवधारणालाई उत्तरवर्ती संरचनावादीहरूले विभिन्न ढङ्गले अनेक थरी विषय क्षेत्रमा उपयोग गरेका छन् । उनकै चिन्तनको पृष्ठभूमिमा फ्रान्सेली मानवशास्त्री क्लड लेभी स्ट्राउसले सामाजिक संरचना, मिथ आदिको अध्ययन गर्न थालेपछि खासमा संरचनावादको प्रारम्भ भएको मानिन्छ । संरचनावाद मानव जातिका संस्कृति र साहित्यका समग्र तत्वहरूलाई सङ्केतव्यवस्थाको रूपमा लिई त्यसलाई वैज्ञानिक र व्यवस्थित अध्ययन गर्ने सिद्धान्तका रूपमा रहेको छ (लुइटेल, २०६२, पृ. २२६) । रूसी रूपवादी अध्येता भ्लादिमिर प्रोप र फ्रान्सेली सांस्कृतिक मानवशास्त्री क्लड लेभी स्ट्राउसले संरचावादी अध्ययन पद्धतिलाई लोकाख्यानका क्षेत्रमा लागु गरेका हुन् (पराजुली, २०७१, पृ. ११४) । वर्तमान समयमा यो भाषाविज्ञान, मनोविज्ञान, समाजशास्त्र, मानवशास्त्र, लोकसाहित्य, पुराण, साहित्यलगायत सम्पूर्ण सामाजिक एवम् सांस्कृतिक क्षेत्रमा लागु गरिएको छ । यस सिद्धान्तले भाषा, संस्कृति र साहित्यका अन्तर्निहित संरचनाको सैद्धान्तिक विश्लेषण गर्दछ । यो समालोचना प्रणाली सस्युरका सङ्केत वा चिन्ह व्यवस्था (सङ्केतक र सङ्केतित), भाषा (लाङ) र बोली (पारोल), समकालिक र कालक्रमिक चिन्तनमा आधारित रहेको छ (पौडेल, २०८०, पृ. ८७) । भाषालाई नै एउटा संरचनात्मक एकाइका रूपमा हेर्ने ससुरको धारणाबाट प्रभावित भई उनको लाङ र पारोलको अवधारणालाई लोकवार्ताका मिथकको अध्ययनमा लागु गर्ने काम स्ट्राउसले गरेका हुन् ।

प्रस्तुत अध्ययनमा 'जङ्गबहादुरको कर्खा'को विश्लेषणका लागि क्लड लेभी स्ट्राउसले अघि सारेका मिथक एकाइ विश्लेषण, द्विआधारी विरोधाभास, कालक्रमिक र समकालिक पठनको ढाँचाको उपयोग गरिएको छ भने उनको अध्ययनलाई पूर्णता दिन मेलिनोभ्स्कीको प्रकार्यवादी चिन्तन र इलियाडेको धार्मिक अस्तित्ववादी अवधारणालाई पनि सहायक आधार बनाइएको छ जसको खुलासा तल गरिन्छ

**(क) मिथक एकाइ (मायथिम) विश्लेषण**

स्ट्राउसका अनुसार मिथकको संरचनात्मक अध्ययनका लागि सबैभन्दा पहिला घटनाहरूलाई ससाना वाक्यात्मक एकाइहरूमा टुक्र्याउनुपर्छ । यसरी टुक्र्याइएका एकाइहरूलाई मिथक एकाइ भनिन्छ (जसलाई उनले मायथिम भनेका छन्) (स्ट्राउस, सन् १९७९, पृ. १८९) । वाक्य स्तरमा हुने यिनै मिथक एकाइहरू मिलेर लोक आख्यानको संरचना निर्माण भएको हुन्छ । यस्ता मिथक एकाइहरूमा नातासम्बन्ध, पर्व अनुष्ठान, संस्कृति, लोकविश्वास तथा पुराकथाका एकाइहरू रहेका हुन्छन् । यसरी टुक्र्याउँदा घटनाहरूलाई एउटा

कार्डमा लेखेर उतारी उतारिएका कार्डलाई कथाको क्रमअनुसार ठाडो पङ्क्तिमा र तार्किक सम्बन्धका आधारमा तेर्सो स्तम्भमा मिलाई एउटा अर्केस्टाको धुनजस्तै पढ्न सकिन्छ (पृ. १८९–१९०) । मिथक एकाइ एक्लै आफैँमा अर्थपूर्ण हुँदैनन्, यिनबाट अर्थ निकाल्न बन्डलका रूपमा समूहीकरण आवश्यक हुन्छ (पृ. १९०) ।

**(ख) द्विआधारी विरोधाभास**

स्ट्राउसका अनुसार मिथकको मुख्य काम भनेको संस्कृतिलाई तार्किक ढाँचा दिई मानिसलाई मन नपर्ने विरोधाभासहरूबाट बच्न सहयोग गर्दै समाजका विपरीत पक्षहरू (पाप र धर्म, प्रकृति र संस्कृति, जीवन र मृत्यु, अराजकता र व्यवस्था, सभ्यता र प्रकृति आदि) बीच सन्तुलन र समाधान खोज्नु हो । त्यसैले मिथकको प्रकार्य सामाजिक भन्दा तार्किक बढी हो (स्ट्राउस, सन् १९७९, पृ १९१–१९२) । कुनै एउटा मिथक यसका यसका सबै भिन्नताहरूको योगफल हो । सबै भिन्नताहरूको संरचनात्मक विश्लेषणले संरचनात्मक कानुन प्रकट गर्न सक्ने भएकाले यसका लागि स्ट्राउसले गणितीय समूहन सिद्धान्तको प्रयोग गर्नुपर्ने विचार अघि सारेका छन् । विश्वका मिथकमा फरकपन देखिए पनि ती एउटै आधारभूत संरचना वा तार्किक नियमबाट उत्पन्न भएका हुन्छन् भन्ने उनी ठान्छन् (पृ. १९१) । मिथकको अर्थ एकै वाक्य वा घटनामा सीमित नहुने भएकाले ठाडो र तेर्सो दुवै दिशामा राखी एकैपटक पढ्न सकेमा मात्र मिथकीय अध्ययन पूरा हुन्छ (पृ. १९१) । यसरी सर्वप्रथम कथाभित्र प्रयुक्त मिथकहरूका आधारमा तर्क बुझ्ने नवीन धारणा उनले प्रस्तुत गरेको पाइन्छ । कुनै पनि मिथकीय सोच आदिम वा अतार्किक नभई तार्किक हुन्छ । मिथक भनेका मानिसले आफ्नो वास्तविकता बुझ्न र यसभित्रका विरोधहरू सुल्झाउन प्रयोग गरेका उपकरण मात्र हुन् । विश्वका सबै संस्कृतिको संरचनामा आधारभूत संरचना एउटै पाइनुले मानव मस्तिष्कको संरचना आफैँमा अपरिवर्तनीय र विश्वव्यापी हुन्छ (पृ. १९२) । यस अध्ययनमा 'जङ्गबहादुरको कर्खा' विश्लेषणका क्रममा यस्ता विपरीत पक्षहरू पहिचान गरी तिनको तार्किक समाधान पहिल्याइने छ ।

**(ग) कालक्रमिक र समकालिक पठन**

स्ट्राउसका अनुसार अर्केस्टालाई बुझ्न तलदेखि माथि (कालक्रमिक) र वायाँदेखि दायाँ (समकालिक) रूपमा बुझ्नु परेझैँ मिथकको संरचना दुई आयाममा बुझ्न आवश्यक छ र ती दुई आयाम हुन् – कथाको क्रम र संरचनाको गहिराइ (स्ट्राउस, सन् १९७९, पृ. १९०) । यी दुवै तत्वले ससुरको इतिहास (पारोल) र संरचना (लाङ)लाई एकैपटक समेटेका छन् (पृ. १८८) । ससुरले लाङलाई भाषाको एउटा अमूर्त, सामाजिक रूपमा साझा नियम प्रणाली भनेका छन् भने पारोललाई मूर्त र व्यक्तिगत प्रयोगका रूपमा चिनाएका छन् । लेभी स्ट्राउसको कालक्रमिक र समकालिक धारणासँग तुलना गरी हेर्दा स्ट्राउसको कालक्रमिक अध्ययनले ससुरको पारोलजस्तै मिथकको सार्वभौम संरचना नखोजी फरफरक संस्कृतिमा देखिएका भिन्नताहरूको मात्र खोजी गर्छ, सार्वभौम संरचनालाई हेर्दैन तर यसलाई समकालिक अध्ययनसँग दाँजेर हेर्दा मिथकको पनि सार्वभौम, अमूर्त र स्थिर संरचना हुन्छ भन्ने देखिन्छ (पृ. १९२) । त्यसैले मिथकको वास्तविक अर्थ समकालीन संरचनामा निहित हुन्छ, ऐतिहासिकतामा हैन भन्ने धारणा स्ट्राउसको छ । मिथकको संरचनात्मक अध्ययनको उद्देश्य पनि पारोलबाट लाङमा पुग्नु हो ।

**(घ) मेलिनोभ्स्कीको सामाजिक र मनोवैज्ञानिक प्रकार्य**

मेलिनोभ्स्कीले स्ट्राउसको आन्तरिक संरचनाभन्दा पनि मिथकको बाह्य प्रकार्यमा आफ्नो ध्यान केन्द्रित गरी मिथकलाई सामाजिक जीवनमा ठोस भूमिका खेल्ने जीवन्त वास्तविकता ठानेका छन् (मेलिनोभ्स्की, सन् १९४८, पृ. ९३) । सामाजिक प्रकार्यका रूपमा मिथकले सामाजिक सङ्गठन, परम्परा र नियमलाई वैधता प्रदान गरी सामाजिक सरचनाका असङ्गतिहरूको समाधान गर्छ (पृ. ९४–९७) भने मनोवैज्ञानिक प्रकार्यका रूपमा विशाल भावनात्मक शून्यताका विषयहरूलाई लिएर यसले मनोवैज्ञानिक सुरक्षा प्रदान गर्दछ (११३–१४४) । सन्दर्भको महत्वलाई प्रस्ट्याउने क्रममा क्षेत्रकार्यको महत्वको उल्लेख गर्दै मिथकको अध्ययन वास्तविक सामाजिक सन्दर्भसँग गाँसेर हेरी संरचनात्मक विश्लेषणलाई वास्तविक जीवनसँग जोडेर हेर्नुपर्ने कुरामा उनको जोड छ ।

**(ङ) इलियाडको पवित्र इतिहास र अनुष्ठानिक पुनरावृत्ति**

मिर्चिया इलियाडका अनुसार मिथक भनेका सुपरप्राकृतिक सत्ताका कार्यहरूका पवित्र इतिहास हुन् र यिनले मानवीय क्रियाकलापलाई प्रतिमान गर्दछन् (इलियाड, सन् १९६३, पृ. ५–६) । उनका विचारमा मिथकीय संरचनामा तार्किक विरोधाभास मात्र नभएर अलौकिक तत्वसँगको सम्पर्कको भावना पनि समाविष्ट हुन्छ । उनले मिथकको अध्ययनमा धार्मिक आयामको पाटो थपेको देखिन्छ । उनले आफ्नो कृति मिथ एन्ड रियालिटी (सन् १९६३)भित्रको "उत्पत्तिको समयमा फर्कने सिद्धान्त"ले मिथकको अनुष्ठानिक पुनरावृत्तिलाई बुझाउँछ र यसको माध्यमबाट व्यक्ति वा समुदायले आफूलाई पवित्र समयमा राखेर नवीकरण गर्दछन् (पृ. ३४–३५) ।

यसरी सैद्धान्तिक दृष्टिले स्ट्राउस विशुद्ध संरचनावादी देखिन्छन् भने मेलिनोभ्स्की र इलियाड क्रमशः प्रकार्यात्मक र अस्तित्ववादी फेला पर्दछन् ।

**अध्ययनविधि र शोधसीमा**

निगमनात्मक शोधविधिको प्रयोग गरी 'जङ्गबहादुरको कर्खा'मा प्रयुक्त मिथकको संरचनात्मक अध्ययन गरिएको यस शोधलेखमा सामग्री सङ्कलन प्राथमिक र द्वितीयक दुवै स्रोतबाट गरिएको छ । मूलतः पुस्तकालय विधिमा आधारित भई मोतीलाल पराजुलीद्वारा सङ्कलन सम्पादन गरिएको नेपाली लोकगाथा (२०४९) पुस्तकभित्र रहेको 'जङ्गबहादुरको कर्खा' गाथाको पाठलाई प्राथमिक स्रोतको सामग्रीको रूपमा उपयोग गरिएको छ । यो पूर्वप्रकाशित सामग्री नै भए पनि यस अध्ययनका लागि कच्चा पदार्थको रूपमा रहेकाले प्राथमिक सामग्री मानिएको हो । त्यस्तै लोकगाथा, मिथक, संरचनावादी सिद्धान्तका बारेमा विभिन्न अध्येताका पुस्तकहरू, समीक्षकका समीक्षाहरू तथा अनुसन्धानकर्ताका अनुसन्धानात्मक लेखमा व्यक्त विचारहरूलाई पनि प्राथमिक र द्वितीयक सामग्रीका रूपमा अपनाइएको छ । पराजुलीको उक्त कृतिमा उपलब्ध लोकगाथाको पाठलाई उद्देश्यपूर्ण नमुना छनौट विधिद्वारा चयन गरिएको छ र क्लड लेभी स्ट्राउसको सिद्धान्तलाई मूल केन्द्रमा राखी अध्ययन गरिएको छ । साथै स्ट्राउसीय आधारमा गरिएको अध्ययनको पूर्णताका लागि मेलिनोभ्स्की, इलियाडका धारणालाई पनि सहायक रूपमा लिइएको छ । त्यसैले मूल रूपमा संरचनावादी स्ट्राउसको मान्यतालाई मात्र लिनु यस शोधलेखको सैद्धान्तिक सीमा हो भने ऐतिहासिक विषयमा आधारित विविध लोकगाथामा पनि प्रस्तुत कर्खालाई मात्र लिनु यसको विषयगत र मौलिक सीमा हो । त्यस्तै लोकसाहित्यका अन्य विधालाई छोडी लोकगाथामा मात्र सीमित हुनु पनि यसको विधागत सीमा हो । यस शोधलेखमा प्रस्तुत कर्खामा अन्तर्निहित मिथकीय संरचनाको अध्ययनमा संरचनावादीहरूको संरचना विश्लेषणका पाठ विभाजन, विरोधाभासहरूको पहिचान, संरचनात्मक विश्लेषण र सहायक विश्लेषणका चरणहरू पार गरी तथ्यद्वारा अर्थापन गर्दै निष्कर्षमा पुग्ने काम गरिएको छ ।

**'जङ्गबहादुरको कर्खा' : संक्षिप्त परिचय**

प्रस्तुत कर्खा ऐतिहासिक विषयवस्तुमा आधारित चरित्रप्रधान लोकगाथा हो । यसका भूगोल र व्यक्तिअनुसारका भेद पनि भेटिएका छन् । नेपालको राजनैतिक इतिहासमा कोत पर्व, भण्डारखाल पर्व जस्ता नरसंहारकारी काण्ड मच्चाई नेपाली शासनसत्तामा उदाएका जङ्गबहादुर राणा (जो राणा शासनका संस्थापक पनि मानिन्छन्) इतिहासमा जति कठोर शासक भनेर चिनिएका छन् त्यति नै गहिराइमा उनको व्यक्तित्व, पुरुषार्थ र उदारतालाई पनि हेर्ने गरिन्छ । नेपाली लोकगाथाका लोककलाकारहरूले प्रतिष्ठित शासक तथा वीर पुरुषका रूपमा उनलाई हेरेका छन् (पराजुली, २०४९, पृ. १५९) । यो गाथा ऐतिहासिक तथ्यमा आधारित छ र त्यसअनुसार प्रथम राणा प्रधानमन्त्री जङ्गबहादुर आफ्नो पुत्रको निधन भएपछि उक्त शोकबाट केही राहत पाउन पूरै तयारीका साथ आफ्ना दलबलसहित नेपालको पूर्वी तराई क्षेत्रको भ्रमणमा निक्लेका थिए र उक्त भ्रमणको अर्को प्रयोजन चाहिँ जङ्गली जनावरको सिकार गर्नु थियो । सिकारका क्रममा सोह्र हाते बाघ मारेको र सिकार यात्राकै क्रममा उनको निधन भएको विवरण यसमा पाइन्छ । यस गाथाले जङ्गबहादुर राणा प्रधानमन्त्रीले काठमाण्डौँबाट थालिएको सिकार यात्रादेखि उनको निधन भएसम्मका घटना, निधनपछिको दाहसंस्कार, रानीहरूले सती जानुपरेको तथ्य र निधनपश्चात् काठमाण्डौँका (गाथामा नेपाल उल्लेख गरिएको) जनताहरू पूरै शोकमग्न भएको र यसको प्रभाव चार वादशाहसम्म परेको घटनाहरूलाई समेटेको छ । यसले तत्कालीलन राजनीतिक सामाजिक अवस्थालाई चित्रण गर्दछ ।

साहित्यिक कोणबाट हेर्दा यो गाथा लघु संरचनामा निबद्ध वीर र करुण रसको संयोजन भएको गाथाका रूपमा देखिन्छ । सारङ्गीको आरोहअवरोहसँगै गन्धर्व जातिका मुखबाट गाइने यो गाथामा अनुप्रास र पुनरावृत्ति अलङ्कारका प्रशस्त प्रमाणहरू पाइन्छन् । भाषिक र आलङ्कारिकताको कुशल संयोजनले गाथालाई लयात्मक बनाएको छ । यसले जङ्गबहादुरको बहादुरी, धार्मिक र मानवीय चरित्रलाई उजागर गनेरको हुनाले यसको साहित्यिक मूल्य पनि उच्च देखिन्छ ।

**सामग्रीको विश्लेषण र व्याख्या**

प्रस्तुत कर्खामा निहित मिथकीय संरचनाको गहिराइमा अध्ययन गर्न क्लड लेभी स्ट्राउटको संरचनावादी मान्यतालाई आधार बनाई उनले अगाडि सारेका माथि उल्लिखित तीन सूचकका आधारमा विश्लेषण गरिएको छ ः

**मिथक एकाइको विभाजन**

स्ट्राउसले मिथक एकाइको तेर्सो पठनका लागि गाथाभित्रका मिथकीय तत्वहरूलाई घटनाका ससाना वाक्यांशका एकाइहरूमा टुक्र्याउनुपर्दछ (जसलाई उनले मायथिम भनेका छन्) र त्यसरी टुक्र्याइएका मिल्दाजुल्दा मिथक एकाइहरूलाई एकअर्कासँग सम्बन्धित गरेर प्रतीकात्मक अर्थ खोज्नु पर्दछ भनेका छन् । उनको मान्यताअनुसार यस कर्खाबाट निम्न २८ वटा मिथक एकाइहरू निकालिएको छ ः

मिथक एकाइ १ : मन्त्री महाराजको सिकारका लागि तयारी गर्न हुकुम हुनु ।
मिथक एकाइ २ : यात्राको सुरुवातका लागि ज्योतिषीलाई साइत हेराउनु
मिथक एकाइ ३ : तत्काल यात्रा सुरुका लागि उचित साइत नभएको कुरा ज्योतिषीले बताउनु
मिथक एकाइ ४ :. सिकार यात्राको तयारी पूरा हुनु
मिथक एकाइ ५ : जङ्गबहादुर दलबलसहित सिकार यात्रामा निस्किनु
मिथक एकाइ ६ : यात्राको थालनी बाजागाजाको ध्वन्यात्मक नादसहित गरिनु
मिथक एकाइ ७ : तराईका विभिन्न ठाउँमा नायकले बाघको सिकार गर्नु
मिथक एकाइ ८ : जनकपुर गई पूजापाठ गर्नु
मिथक एकाइ ९ : मटियानीमा पनि जानुकाको दर्शन गरी पूजापाठ सकेर भोज खुवाउनु
मिथक एकाइ १० : जनताले पौरखी र प्रतापी राजाका रूपमा नायकको गुणगान गाउनु
मिथक एकाइ ११ : दरभङ्गाका राजाले हात्ती र उँट उपहार दिनु
मिथक एकाइ १२ : दरभङ्गामा पनि सिकारका लागि प्रबन्ध मिलाइनु
मिथक एकाइ १३ : देवीपुरका जनताले पनि दुई सय हात्ती घायल बनाएको भनी प्रशंसा गर्नु
मिथक एकाइ १४ : नायकले सोह्र हातको बाघ मार्नु
मिथक एकाइ १५ : भयङ्कर बाघ मारेकामा रानीहरू खुसी हुनु
मिथक एकाइ १६ : आफ्नो मृत्युको अशुभ सपना देख्नु
मिथक एकाइ१७ : नायकको जिउमा असन्चो हुनु
मिथक एकाइ १८ : जङ्गबहादुरमा अलौकिक शक्ति भएको मान्नु र रानीहरू आत्तिनु
मिथक एकाइ १९ : ज्योतिषीले पनि निधनको कुरा गर्नु
मिथक एकाइ २० : नायकको दानधर्ममा रुचि जानु
मिथक एकाइ २१ : बाह्र हजार रूपैयाँ र १०८ गाई दान गर्नु
मिथक एकाइ २२ : नायकको निधन हुनु
मिथक एकाइ २३ : रानीहरू शोकमा पर्नु
मिथक एकाइ २४ : नायकको निधनको खबर नेपाल खाल्डोमा पठाउनु
मिथक एकाइ २५ : सैनिकहरूले समेत नायकको खुब प्रशंसा गाउनु
मिथक एकाइ २६ : निधनको समाचारले चार बादशाहसमेत पछुताउनु
मिथक एकाइ २७ : रानीहरू सती जान तयार हुनु
मिथक एकाइ २८ : जनतामा शोक फैलिनु

(पराजुली, २०४९, पृ. १५९-१६५) ।

उपर्युल्लिखित हरेक मिथक एकाइ एक्लाएक्लै अर्थपूर्ण छैनन् तर पनि गाथाको अन्तःसंरचनाका लागि तिनले महत्वपूर्ण भूमिका निर्वाह गरेका छन् ।

**द्विआधारी विरोधाभासहरूको समूहीकरण**

अब माथि ठाडो क्रममा रहेका मिथक एकाइहरूलाई स्ट्राउसले निर्देश गरेझैँ विभिन्न समूहमा समूहीकृत गरेर विरोधाभासहरूको पहिचान गर्दै तिनको तेर्सो पठन गर्न सकिन्छ । प्रतीकात्मक अर्थ र तार्किक समाधानका लागि माथिका मिथक एकाइहरूलाई निम्न सात समूहमा समूहीकृत गरिन्छ :

समूह १(व्यवस्था विरुद्ध अराजकता) : मिथक एकाइ १, २, ४, ११, १२, २०, २१, २४ विरुद्ध मिथक एकाइ ३, ७, २२
समूह २ (प्रकृति विरुद्ध संस्कृति) : मिथक एकाइ ५, ७, १४ विरुद्ध मिथक एकाइ ६, ८, ९, २७,
समूह ३ (मानव विरुद्ध देवता) : मिथक एकाइ १०, १३, १५ विरुद्ध मिथक एकाइ १६, १८, १९
समूह ४(वीर रस विरुद्ध करुण रस) : मिथक एकाइ १०, १३, १५, २५, २६ विरुद्ध मिथक एकाइ ३, १७, २२, २३, २८

समूह ५ (युद्ध विरुद्ध शान्ति) : मिथक एकाइ ७, ४, २६, १ विरुद्ध मिथक एकाइ २, ३, १७, २७, २८

समूह ६ (वर्तमान विरुद्ध अतीत) : मिथक एकाइ १, ४, ५, २५, २६ विरुद्ध मिथक एकाइ २, ३, २२, १७

समूह ७ (सुख विरुद्ध दुःख : मिथक एकाइ ६, १०, १३, १४, १५ विरुद्ध मिथक एकाइ ३, १६, २२, २३,

अब यी हरेक समूहमा रहेका विरोधाभासहरू र तिनको तार्किक समाधानको खोजी तल गरिन्छ :

**समूह १ : व्यवस्था र अराजकताको द्वन्द्वसँग सम्बन्धित मिथक एकाइ**

समूह १ मा एकातिर सिकारको तयारीका साथै यसको व्यवस्थापन पक्षलाई सङ्केत मिथक एकाइहरू (१, २, ४, ११, १२, २०, २१, २४) छन् भने अर्कातिर साइत नपर्नु, नायक एक्कासि बिरामी पर्नु, मृत्यु हुनु आदि व्यवस्थालाई भङ्ग गर्ने वा अराजकतालाई सङ्केत गर्ने घटनाहरूसँग सम्बन्धित मिथक एकाइहरू (३, १७, २२) छन् । यस समूहका मिथक एकाइहरूले व्यवस्थाविरुद्ध अराजकताको विरोधाभासलाई सङ्केत गरेका छन् । नायकले आफ्नो जीवन र राज्य सञ्चालन व्यवस्थित गर्नका लागि अपनाएका सामाजिक सांस्कृतिक नियमअन्तर्गतका कार्य र व्यवहारहरूले व्यवस्थालाई जनाउँछन् भने व्यवस्थालाई भङ्ग गर्न उद्यत घटनाहरूले व्यवस्थालाई नै चुनौती दिने अराजकताको काम गरेका छन् । अन्ततः नायकको निधन हुनु भनेको व्यवस्थामाथि अराजकताको विजय नै हो । नायकले मृत्युअघि दानधर्ममा रुचि देखाई (२०,२१) दान धर्मको काम गर्नु व्यवस्था र अराजकताबिचको मध्यस्थता हो । यहाँ जीवन (व्यवस्था)को अन्तिम घडीमा आउने अनियन्त्रित वस्तुलाई धार्मिक सामाजिक विधिविधान (दानधर्म)ले समाधान गरेको छ । दानधर्म नै यहाँ विरोधाभासको मध्यस्थताका लागि पुल बनेर आएको पाइन्छ । त्यस्तै आर्थिक मूल्यलाई धार्मिक मूल्यमा परिवर्तन गर्दै जीवनको नश्वरता र पुण्यको अमरताको मध्यस्थता पनि यसले गरेको भेटिन्छ । त्यसैले व्यक्ति नाशवान् भए पनि मानव निर्मित नियम अमर रहन्छन् भन्ने यसको निष्कर्ष रहेको छ ।

**समूह २ : प्रकृति र संस्कृतिबिचको द्वन्द्वसँग द्वन्द्वसँग सम्बन्धित मिथक एकाइ**

समूह२ अन्तर्गतका मिथक एकाइहरूले प्रकृति र संस्कृतिबिचको विरोधाभासलाई प्रस्तुत गरेका छन् । यहाँ यी दुईबिचको द्वन्द्व आमनेसामने भएर आएका देखिन्छन् । प्रकृति जगत र सिकार नियन्त्रणमा प्रयोग गरिने शक्तिलाई सङ्केत गर्ने मिथक एकाइहरू (५, ७, १४) प्रकृतिसँग सम्बन्धित मिथक एकाइहरू हुन् । जङ्गल, बाघ, मृत्यु आदि प्रकृति हुन् । मानवनिर्मित विधि, अनुष्ठान, रीतिरिवाज आदि क्रियाकलापसँग सम्बन्धित मिथक एकाइहरू (६, ८, ९, २७) सांस्कृतिक मिथक एकाइ हुन् । बाजागाजा, पूजापाठ, दान, सतीप्रथा संस्कृति हुन् किनकि यिनले नेपाली समाजका धार्मिक तथा सांस्कृतिक विधिविधानलाई जनाउँछन् । नायकले बाघ मारेर प्रकृतिमाथि विजय प्राप्त गरी (७, १४) सांस्कृतिक शक्तिलाई प्रमाणित गर्दछन् । यो संस्कृतिको प्रकृतिमाथि विजय हो तर अन्त्यमा नायकलाई पनि प्राकृतिक मृत्युले जितेको छ । उनको निधनपछि रानीहरू नायकसँगै सती जानुले (२७) मृत्युलाई एउटा महान सांस्कृतिक अनुष्ठानमा रूपान्तरण गर्दछ । नायकको निधनपछि सबैले उनको वीरता, पुरुषार्थ र प्रतापी गुणको महिमागान गर्दै कीर्ति सधैँ जीवित रहने बखान गरेका छन । त्यसैले यहाँ उत्पन्न विरोधाभासको समाधान नायकको कीर्ति र रानीको सतीगमनले गरेको पाइन्छ । यसले प्रकृति र संस्कृतिबिचको कठिन विरोधाभासको समाधान गरेको छ । यहाँ प्राकृतिक मृत्युलाई पनि उच्च सांस्कृतिक अनुष्ठानमा परिणत गरिएको छ । मृत्युको आदिम शक्तिलाई सामाजिक रीतिरिवाजले आफ्नो वशमा पार्छ भन्ने विषय यहाँ उल्लेख छ ।

**समूह ३ : मानव र देवताबिच द्वन्द्वसँग द्वन्द्वसँग सम्बन्धित मिथक एकाइ**

मानवीय शक्ति सीमित र निश्चित हुने तर दैवी शक्ति असीमित र अनिश्चित हुने विषयको सङ्केत गरी यी दुईबिच उत्पन्न द्वन्द्वको समाधान पनि यस गाथामा गरिएको पाइन्छ । यस समूहअन्तर्गत रहेका मानवीय अनुभव र सीमित शारीरिक शक्तिलाई सङ्केत गर्ने मिथक एकाइहरू (१०, १३, १५) मानवजीवनसँग सम्बन्धित मिथक एकाइहरू हुन् भने अलौकिक र असीमित शक्ति, नियति र भविष्यवाणीको अर्थ बोकेका मिथक एकाइहरू (१६, १८, १९) देवतासम्बन्धी मिथक एकाइहरू हुन् । सर्वसाधारण जनता, दरबारियाहरूले पनि नायकको वीरता र साहसको वर्णन गर्नुले नायकलाई एउटा साधारण मानवका रूपमा नभई एक विशिष्ट मानवका रूपमा स्थापित गरेको छ । उनको मानवीय शक्तिलाई दैवी शक्तिले कमजोर पारेको देखाइएको छ । दैवी शक्तिका सामु मानवीय शक्ति यहाँ निरीह बनेको छ । अशुभ सपना देख्नु, शरीरमा अपर्झट बिसन्चो हुनु जस्ता घटनाले मानिस जतिसुकै शक्तिशाली भए पनि दैवी शक्तिका अगाडि निरीह हुन्छ भन्ने विषलाई गाथामा प्रस्ट्याइएको छ । जङ्गबहादुरको जीवनमा अलौकिक शक्तिको आरोपले मध्यस्थताको काम गरेको छ । उनी एक साधारण शक्तिको रूपमा छैनन्, विशिष्ट मानवबाट पनि देवतामा रूपान्तरित भएका छन् । मानवको भविष्य नियतिले निर्धारण (१०, १३) गर्दछ र यहाँ पनि सर्वसाधारणहरूद्वारा नायकको स्तुतिगान गरेर नायकलाई देवताकै

रूपमा पुऱ्याइएको छ । नियति वा देवताले सिर्जना गरेको दुःखान्त अवस्थालाई जनताको आस्थाले अमरतामा रूपान्तरण गरी सिर्जित विरोधाभासको प्रतीकात्मक समाधान गरिएको छ ।

**समूह ४ : वीर रस र करूण रसबिच द्वन्द्वसँग द्वन्द्वसँग सम्बन्धित मिथक एकाइ**

यस समूहका मिथक एकाइहरूले वीर रस र करूण रसबिचको द्वन्द्व सिर्जना गरी तिनको प्रतीकात्मक समाधान गरेका छन् । यहाँ रहेका मिथक एकाइहरू(१०, १३, १५, २५, २६)ले नायकको वीरताको महिमालाई स्थापित गर्ने भएकाले यी वीर रससँग सम्बन्धित मिथक एकाइ हुन् भने यसै समूहका विपत्ति वा करूणाको भावलाई सङ्केत मिथक एकाइहरू ३, १७, २२, २३, २८ करूण रसको उद्घाटन गर्ने मिथक एकाइ हुन् । बाघको सिकार गर्नु', नायकको वीरताको वर्णन गरिनु आदि घटनाले वीर भाव उत्पन्न गर्छन् भने नायक बिरामी पर्नु, नायकको निधन हुनु, रानीको विलाप र सतीगमनका घटनाहरूले पाठकमा करूण रस उत्पन्न गर्दछन् । नायकको निधन भए पनि उनको विश्वव्यापी प्रशंसा (चार बादशाहसमेत पछुताउनु) र अमर कीर्ति (२५, २६) स्थापित हुनु नै यसको तार्किक समाधान हो । शारीरिक मृत्यु (पारोल) भए पनि नायकको महिमा र वीरता (लाङ) सदैव जीवित रहिरहन्छ । निधन भौतिक यथार्थ हो तर यसको सांस्कृतिक  प्रतिक्रिया (नायकको प्रशंसा, सती) नै अमरता हो जसले करूण रसलाई पनि वीर रसको शाश्वतमा बदल्छ ।

**समूह ५ : युद्ध र शान्तिबिच द्वन्द्वसँग द्वन्द्वसँग सम्बन्धित मिथक एकाइ**

यस समूहमा रहेकाजीवनमा आइपर्ने द्वन्द्व र कठिनाइलाई सङ्केत गर्ने मिथक एकाइहरू ७, १४, १७, २२, २७ र स्थायित्व, शान्ति र विश्रामलाई इङ्गित गर्ने मिथक एकाइहरू २, ४, ९, २१, २८ भित्र अन्तर्निहित युद्ध र शान्तिको विरोधाभासलाई दानधर्मका (७, १४, १७) साथै शान्ति र परोपकारद्वारा समाधान गरिएको छ । सिकार गर्नु, हातहतियारको प्रयोग, बाघ मार्नु हिंसाका सूचक हुन् किनकि यिनले मानवीय सामाजिक जीवनमा अशान्ति फैलाउँछन् । साइत हेराउनु, दानधर्म गर्नु, मृत्युपछि छाउने शून्यताले शान्तिको पाटोलाई जनाउँछन् । नायकको निधनपछि जनतामा शोक फैलिए पनि त्यसले शान्तिको नयाँ चरणको सङ्केत गरेको देखिन्छ । कोही कसैको निधनले सामूहिक शान्तिको मूल्य स्थापित गर्छ भन्ने निष्कर्ष यहाँ छ । अन्तिम समयमा नायकले गरेको पुण्यआर्जनसँग सम्बन्धित दानधर्मको कार्यले यहाँ मध्यस्थता गरी सन्तुलन कायम गरेको छ । यसले हिंसात्मक जीवनलाई पनि शान्तिमा परिवर्तन गरेको पाइन्छ ।

**समूह ६ : वर्तमान र अतीतको द्वन्द्वसँग द्वन्द्वसँग सम्बन्धित मिथक एकाइ**

समूह६ अन्तर्गत नयाँ परिवेश वा परिवर्तनलाई द्योतन गर्ने  वर्तमान (१, ४, ५, २५, २६) र पहिल्यै भएको कुरालाई जनाउने अतीतसँग सम्बन्धित मिथक एकाइहरू (२, ३, १७, २२) को माध्यमबाट सिर्जित अतीत र वर्तमानको विरोधाभासलाई नायकको निधनको समाचार चार वादशाहसम्म पुगेको घटनाले वर्तमानमा भौतिकको समाप्ति भए पनि नायकको कीर्तिलाई अतीतको इतिहासमा अमर बनाएर समाधान गरिएको छ । सिकारको तयारी, प्रस्थान आदि वर्तमानलाई जनाउने क्रियाकलाप हुन् भने साइतको कुरा, निधनको पूर्वसङ्केत अतीतसँग सम्बन्धित देखिन्छन् । अन्तिममा नायकको मृत्युले यी सबै विषयलाई अतीतमा बदलिदिएको छ । जब नायकको निधनको खबर चार वादशाहसम्म पुग्छ तब वर्तमानको सत्ता पनि अतीतको इतिहासमा बदलिन्छ । यसरी वर्तमानको क्षणिकतालाई पनि अतीतको स्थायित्वसँग जोडेर उत्पन्न विरोधाभासको प्रतीकात्मक समाधान गरिएको छ ।

**समूह ७ : सुख र दुःखबिच द्वन्द्वसँग द्वन्द्वसँग सम्बन्धित मिथक एकाइ**

समूह७ मा रहेका नायकको जीवनका उपलब्धिलाई जनाउने मिथक एकाइहरू (६, १०, १३, १४, १५) र जीवनको दुःख, वेदना, पीडा पक्षलाई जनाउने मिथक एकाइहरू (३, १६, २२, २३, २८)ले सुख र दुःखबिचको विरोधाभास सिर्जना गरेका छन् । सुख र दुःख दुवै मानव जीवनका शाश्वत सत्य हुन् र यी मानवजीवनमा चक्रीय प्रणालीमा घुमिरहन्छन् भन्ने विषयलाई पनि प्रस्तुत कर्खामा प्रमुखताका साथ उठाइएको छ । बाघ मारेर जितेको महसुस हुनु, दरभङ्गाका राजाको उपहार पाउनु, जनताले स्तुतिगान गाउनु आदि सुख र उपलब्धि हुन भने मृत्यु हुनु, विरामी पर्नु, सती जानु आदि दुःख, वेदना जनाउने विषय हुन् । यी दुवै पक्ष जीवनमा अभिन्न पाटा नै हुन् । रानीको सती जाने निर्णयले दुःखलाई धार्मिक गौरव र अद्वितीय बलिदानमा परिवर्तन गरी सतीलाई समेत गौरवमय बनाउँछ र निहित विरोधाभासको समाधान गर्दछ । समूहीकरणमा उल्लेख गरिएअनुसार हेर्दा मिथक एकाइ १–१५ सम्म सुख र विजयको उल्लेख गरिए पनि मिथक एकाइ १६ बाट नायकको जीवनमा दुःखान्त कथा सुरु हुन्छ । मिथक एकाइ २५, २६ मा पुग्दा शोकलाई विश्वव्यापी कृति र महिमामा परिणत गरी जीवनको क्षणिक सुखलाई इतिहासमा स्थापित नायकको गौरवले प्रतिस्थापित गरेको भेटिन्छ ।

माथि उल्लेख गरिएका सातै समूहमध्ये समूह १, २, ४, ५, ७ ले जीवनका द्वन्द्वलाई स्थापित गरे पनि तिनको समाधान समूह ३ बाट सामान्य मानवीय नायकलाई दैवी व्यक्तिमा रूपान्तरण गरी सुरु गरिएको छ र समूह ६ ले मानवीय मृत्युको क्षणिक सत्यलाई इतिहासको अनन्त महिमासँग जोडेर सम्पूर्ण विरोधाभासहरूको तार्किक समाधान गरेको छ । त्यसैले स्ट्राउसले मिथक एकाइलाई सम्बन्धको दरिलो

बन्डल भनेका हुन् । यसरी मिथक एकाइ एकबाट २८ सम्मका मिथक एकाइलाई कथाको क्रमबद्ध रूपमा पढ्नु स्ट्राउसको ठाडो पठन हो भने बन्डलीकृत सातैवटा समूहलाई तेर्सो स्तम्भमा पढ्नु चाहिँ तेर्सो पठन अध्ययन हो । ठाडो पठनका रूपमा यो गाथा जङ्गबहादुरको व्यक्तिगत जीवनी हो तर तेर्सो पठनका रूपमा व्यवस्था र नियतिबिचको द्वन्द्व समाधान गर्ने सांस्कृतिक सूत्र हो ।

यसरी मिथक एकाइहरूभित्र अन्तर्निहित प्रतीकात्मक अर्थको उद्घाटनका लागि एकलाई अर्कोसँग अन्तर्सम्बन्धित गरेर हेर्न आवश्यक छ । यसरी हेर्दा प्रस्तुत कर्खा एउटा उच्च महत्वाकाङ्क्षी शासकको सिकार यात्राको वर्णन मात्र होइन, यो त व्यवस्था र अराजकता, प्रकृति र संस्कृति, मानव र देवता, सुख र दुःख, वर्तमान र अतीत, जीवन र मृत्यु, करूण रस र वीर रस आदि जीवनका विरोधाभासहरूको उद्घाटन गर्दै तिनको प्रतीकात्मक र तार्किक समाधान दिने कथा पनि हो । यो अलगअलग विभाजन गरिएका मिथक एकाइहरूलाई पुनः समूहीकृत गरी निकालिएको अर्थ हो । नेपालको राजनैतिक इतिहासको कालखण्डमा एक शक्तिशाली, पुरुषार्थी र बहादुर शासक सिकार गर्न निस्कँदा यात्राकै क्रममा भएको निधनले जीवन र मृत्युबिचको विरोधाभासलाई पनि  सङ्केत गर्दछ । यस खाले विरोधाभासहरूलाई स्ट्राउसीय सिद्धान्तका आधारमा समूहीकृत गरेर गाथाको आन्तरिक संरचना र यसले तार्किक रूपमा समाधान गर्न खोजेका विषयहरूको बारेमा निर्क्योल गर्न सकिन्छ । कथाका घटनामा गूढ रूपमा रहेका यी विरोधाभासहरू नै स्ट्राउसले भनेका द्विआधारी विरोध हुन्, यी अमूर्त संरचनाका तहमा रहने सार्वभौम कुरा हुन् र यस गाथाको खास कार्य पनि यिनै विरोधाभासहरू मिलाउनु वा साझा गर्नु हो । यसरी कथामा रहेका घटनाहरूलाई ससाना मिथक एकाइमा विभाजन गरी तिनलाई समूहीकरण गरेर अर्थ निकाल्ने प्रक्रिया नै उनको तेर्सो पठन प्रकिया हो । नायकको सिकार यात्राको तयारी र प्रस्थान (१ देखि ५), उनले प्राप्त गरेको प्रशंसा र विजय (६ देखि १५) र सङ्कट उत्पन्नसँगै उनको निधन (१६ देखि २२) नै स्ट्राउसले उल्लेख गरेको कालक्रमिक संरचना हो । कथा कसरी अगाडि बढ्छ भन्ने कुरा यसमा हेरिन्छ । यस दृष्टिले हेर्दा मिथक ऐतिहासिक घटनाका रूपमा देखिन्छ । त्यस्तै निर्धारित मिथक एकाइहरूको ठाडो क्रमलाई छोडेर यिनलाई तेर्सो क्रममा समूहीकरण गरी तिनमा पाइने विरोधाभासहरूको पहिचानद्वारा साझा तार्किक सम्बन्धका आधारमा मिथक एकाइहरूबिच रहेको प्रतीकात्मक संरचनाको तार्किक पुष्टि गर्नु स्ट्राउसको समकालिक अध्ययन हो । यस खाले अध्ययनले प्रस्तुत कर्खालाई नेपालको एउटा ऐतिहासिक कथाका रूपमा मात्र नहेरी यसले दिने सन्देश वा संरचना पनि उत्तिकै सान्दर्भिक हुन जाने कुरामाथि प्रस्ट पार्छ । यस कर्खामा वर्णन गरिएका घटनाहरू नेपालको इतिहासमा बहादुर शासक जङ्गबहादुरको जीवनमा घटेका घटनाहरूसँग (५, ११, १४, १७) सम्बन्धित देखिनु यसको पारोल पक्ष हो, कालक्रमिक हुनु हो । नायक सिकारमा निस्कनु, दरभङ्गाका राजाबाट उपहार पाउनु, बाघ मार्नु र सती जानुजस्ता घटना नायकको यथार्थ जीवनसँग सम्बन्धित भएको पाइनु यसको प्रामाणिक आधार हो । यस कर्खाका नायकको व्यक्तिगत कथाले, उनको साहस र वीरताले हरेक शासकले व्यवस्थालाई वैधानिकता दिनुपर्छ भन्ने मान्यता उजागर गर्छ । यो यसको सन्देश पनि हो, यसो हुनु समकालिक हुनु हो । यो शासन व्यवस्थाको सार्वभौम नियम नै हुन आउँछ किनकि यो नेपाली संस्कृतिबाहेक अन्य संस्कृतिका शासन व्यवस्थामा पनि लागु हुन सक्दछ । यस्तो गूढ आन्तरिक सार्वभौम संरचनालाई ससुरको लाङसँग जोडेर हेर्ने काम स्ट्राउसले गरे । यस गाथाको बाह्य वर्णनमा चाहिँ पूर्वी तराईको जङ्गलमा सिकार यात्रामा निस्कँदा नायक जङ्गबहादुरको निधन भए पनि हिंसाद्वारा स्थापित राजनीतिक शक्ति (जङ्गबहादुरले हिंसा गरेर नै शासनको बागडोर आफ्नो हातमा लिएको कुरामा इतिहास साक्षी हुनु)लाई दैवी शक्तिका रूपमा अतिशयोक्ति गरेर स्थायी वा अमर बनाउने प्रयास गरिएको भेटिन्छ । यो नै  यसको आन्तरिक संरचना हो । नायकको अलौकिक शक्ति र कीर्ति महिमाले नै उनको हिंसात्मक अतीतलाई मेटेर आवश्यक रूपमा वैध बनाइदिएको देखिन्छ । नेपालको ऐतिहासिक तथ्य, राजनीतिक औचित्य (राणा शासन सही थियो कि थिएन?) र मृत्युको आध्यात्मिक पक्षलाई एकैपटक उद्घाटन गर्नु नै यसको अर्थ बहुआयामिकता हो । विश्वभरका मानिसको सोच्ने तरिका लगभग मिल्ने भएकाले सबैले शासकले अराजकतालाई शूरवीरताको प्रयोगद्वारा व्यवस्थामा ल्याओस् भन्ने चाहन्छन् । यो स्ट्राउसले भनेको चिन्तनको एकता हो ।  राणशासनको नेतृत्वलाई दैवी र ऐतिहासिक रूपमा अपरिहार्य देखाई सामाजिक स्वीकार्यता कायम गर्नु नै यसको सांस्कृतिक प्रकार्य हो ।

**मिथकको प्रकार्यात्मक र अस्तित्ववादी विश्लेषण**

मेलिनोभ्स्कीका विचारमा जङ्गबहादुर जस्ता साहसी नायकको अकस्मातको निधनले नेपाल खाल्डोमा बसेका तत्कालीन जनता तथा सैनिकहरूमा समेत एक प्रकारको मनोवैज्ञानिक शून्यता वा रिक्तता उत्पन्न भएको देखिन्छ । यस शून्यताको अवस्थाबाट उत्पन्न दुःखलाई नायकका रानीहरूको सतीगमन र जनताको शोकले साझा गर्दछ र सामूहिकताको भावना उत्पन्न गर्छ । गाथामा वर्णित जङ्गबहादुरका दानधर्मका कार्यले तत्कालीन शासकको सामाजिक धार्मिक परम्परासँग वैधता जोड्दछ र शासकको शक्तिलाई नैतिक आधार प्रदान गर्छ । यसले समाजका सामाजिक नियमहरूलाई बलियो बनाउन पनि मद्धत गर्दछ । नेपालको राजनीतिक इतिहासका

सन्दर्भमा जङ्गबहादुरले छोराको असामयिक निधनबाट परेको मानसिक आघातबाट राहत पाउन नेपालको पूर्वी तराई क्षेत्रको जङ्गलमा गरिएको यात्राले गाथानायक जङ्गबहादुरको व्यक्तित्व, उनको शासन प्रकृति र मृत्युको प्रभावलाई व्याख्या गरी वास्तविक जीवनसँग सम्बन्ध राख्दछ । मिथक एकाइहरू १२ र १४ मा व्यक्त विषयवस्तुले जङ्गबहादुरको शासन व्यवस्थित र वैज्ञानिक थियो भन्ने कुरालाई देखाएको छ । यो तत्कालीन शासकीय व्यवस्था ऐतिहासिक रूपमा सही र प्रभावकारी थियो भन्ने जीवन्त वास्तविकताको पुष्टि हो । जनता, तत्कालीन सेनाका साथै चार बादशाहले समेत जङ्गबहादुरको साहस, वीरता, परोपकारी भावनाजस्ता कुरालाई लिएर उनको स्तुतिगान गर्नु ( १०,१३, २५, २६)ले नायकको उदारता र पुरुषार्थी विशेषतालाई उद्घाटित गरी सामाजिक आदर्श र नैतिक मूल्यहरू स्थापित गर्दछ। यो यस गाथाको सामाजिक प्रकार्य हो। नायकको निधनले (२२) अकस्मात उत्पन्न शोकले वियोग र रिक्तता उत्पन्न गरे पनि नेपाली समाजका अतिरिक्त विश्वव्यापी उनको प्रशंसाले सामूहिक दुःखलाई पनि गौरवको भावनामा परिणत गर्दछ र मनोवैज्ञानिक सान्तवना प्रदान गर्दछ। यो मेलिनोभ्सकीको मनोवैज्ञानिक प्रकार्य हो। समाजमा श्रुतिपरम्परामा पुस्त्यौनी समयदेखि हस्तान्तरण हुँदै आएको यो गाथा श्रवण गरेर, गाएर सर्वसाधारण जनताले आफू बहादुर शासकका छत्रछायामा रहेको महसुस गर्ने अवस्था पनि यसको मनोवैज्ञानिक प्रकार्य नै  हो । रानीहरूको सतीगमनले नेपाली इतिहासमा सती प्रथा कति सम्मानित र स्वीकृत थियो भन्ने विषयको परम्परालाई देखाउँछ। यसले सती प्रथाको उच्च नैतिक मूल्य र परम्पराको अनिवार्यतालाई चित्रण गर्दछ जुन यसको सामाजिक नैतिक प्रकार्य हो ।

धार्मिक आस्तित्ववादी चिन्तक मिर्चिया इलियाडले प्रस्तुत गरेका मान्यतालाई आधार मानी लेभीको अध्ययनलाई अझ व्यापक र सुदृढ पार्न सकिन्छ। उनका दृष्टिमा हेर्दा प्रस्तुत गाथाले जङ्गबहादुरलाई एक साधारण मानवको रूपमा नभई लोकमै नपाइने एउटा अद्भूत र अलौकिक पात्रका रूपमा प्रस्तुत गरेको छ। यिनले गरेका कार्यहरू एउटा मानवले गर्नेभन्दा धेरै परका छन्। सामान्य मानवजीवनमा जोकोही व्यक्तिले पनि यस्ता कार्य गर्न असम्भव देखिन्छ। जङ्गबहादुरको निधनपूर्व उनले सपनामा देखेको आफ्नो मृत्युको पूर्वसङ्केत (१६), अलौकिक शक्ति (नायकलाई चन्द्र र सूर्यका रूपमा वर्णन गरिएको घटना), सुपरप्राकृतिक विषय नै हो । यथार्थमा यस्ता कुरा सम्भव नै हुँदैन । जङ्गबहादुरको मृत्यु (१९)लाई नै एउटा सामान्य घटनाका रूपमा लिइएको छैन । निधनपश्चात नायक देवताका काखमा पुगेको अतिशयोक्ति गरिएको छ । यी कुनै पनि घटना साधारण घटनाका रूपमा दर्ज हुँदैनन् । यी सबै घटना अलौकिक भएकाले पवित्र इतिहास हुन् किनकि यिनले मान्छेको भाग्य पनि ईश्वरीय इच्छाद्वारा निर्देशित, निर्धारित हुन्छ भन्ने विषयलाई उजागर गरेका छन् । नेपालको इतिहासमा जङ्गबहादुरको निधन एउटा प्रतिमान वा आदर्श नै हो । उनले गरेका वीरताका कार्य (७, २०, २१) सामाजिक व्यवस्थाका लागि आदर्श नमुना नै हुन् जसले मानवजातिलाई सफलता र नैतिक आचरणको पाठ पढाउँछन् । यहाँ नायकको निधनपछि  पनि उनलाई एउटा साधारण मानिस नभई पवित्र सत्ताका रूपमा हेरिएको छ । यसले भूतकालीन शासन व्यवस्थाको चित्रण मात्र नगरी समकालीन र आगत समयका शासकले कसरी शासनसत्ता चलाउने, मृत्युलाई कसरी वरण गर्ने भन्ने कुराको निर्देश पनि गर्दछ । पौरखी शासकको गुणगान तथा नायकको निधनको घटनाले वादशाहसमेत पछुताएको प्रसङ्गसहितको यो गाथा गाउने, सुन्ने परम्पराको निरन्तरताले समकालीन मानवलाई पनि जङ्गबहादुरको महान समयमा फर्काई उनका पवित्र कार्यसँग जोड्छ । यसको पुनः स्मरणले वर्तमान जीवनमा आउने समस्यासँग जुध्न साहस र शक्ति प्राप्त गर्न मद्धत गर्ने भएकाले प्रासङ्गिक पनि ठहर्छ । गाथाभित्रका “यतिका प्रतापी राजा कहाँ पाइएला”( पराजुली, २०४९, पृ. १६४) जस्ता वाक्यांशले जङ्गबहादुरको युग एक आदर्श पवित्र समयको रूपमा स्मरण गरिएको छ र यसले त्यो समयको पुनः स्मरण गराई वर्तमान मानवीय जीवनलाई सामाजिक सांस्कृतिक रूपमा नवीकरणको कार्य गर्छ । यो नै इलियाडको सांस्कृतिक अनुष्ठानिक भावना हो जसले लोकजीवनको सामूहिक सम्झनालाई जीवन्त राखी सांस्कृतिक निरन्तरता पनि प्रदान गर्छ । इलियाडको मानिसहरूले आफ्नो जीवनलाई अर्थपूर्ण बनाउन, अराजकताबाट बच्न र पवित्रतासँग जोडिन गाथा वा मिथकलाई सिर्जना गरेका हुन् भन्ने संरचनात्मक अस्तित्ववादी विचार पनि यहाँ पुष्टि भएको देखिन्छ ।

**निष्कर्ष**

आख्यानशास्त्रीय संरचनावादीहरू क्लड लेभी स्ट्राउस र प्रकार्यवादी ब्रोनिस्लाभ मेलिनोभ्सकी एवम् धार्मिक अस्तित्ववादी मिर्चिया इलियाडहरूका सैद्धान्तिक मान्यताभित्र रहेर नेपाली लोकगाथाका मिथकको संरचनात्मक अध्ययन गर्न सकिन्छ। यस शोधलेखले मूलतः स्ट्राउसका संरचावादी सिद्धान्तका आलोकमा ‘जङ्गबहादुरको कर्खा’ लोकगाथाको अध्ययन गरी गाथामा अन्तर्निहित आन्तरिक संरचनाको खोजी गरेको छ। यस गाथाको समकालिक अध्ययनबाट यसको गहिरो आन्तरिक संरचनाको उजागर गर्न सकिन्छ। यो गाथा नियम, नियन्त्रण, दान, प्रशंसा जस्ता व्यवस्था र निधन, अशुभ साइतको सङ्केत, जिउमा असन्चो जस्ता अराजकताबिचको

विरोधाभासलाई देखाउने मिथकीय संरचना हो । कर्खाबाट निकालिएका मिथक एकाइहरूको समूहीकरणले अराजकतामाथि व्यवस्थाको अस्थायी विघटन र गाथाको अन्त्यमा नैतिक सामाजिक विषयको तार्किक समाधान गरिएको छ। नायकको व्यक्तिगत जीवनी र घटनाक्रम पारोल पक्षसँग सम्बन्धित छन् भने सर्वव्यापी नियमलाई सङ्केत गर्ने विषय लाङसँग सम्बन्धित छन् । गाथाको पारोल पक्षले पनि अराजकतालाई नियमन गर्नुपर्ने तथ्य उजागर गरेको पाइन्छ । ऐतिहासिक तथ्यमा आधारित व्यक्तिगत घटनासँग गाथाको विषयवस्तु सम्बन्धित भए पनि मानव चिन्तनको एकतालाई प्रमाणित गर्ने सूत्रको कार्य यस गाथाले पूरा गरेको छ । लेभी स्ट्राउटले लोकवार्ताहरूभित्र लुकेर रहेका गूढ तत्वहरूको उद्घाटनका लागि मूलतः मिथक एकाइ र द्विआधारी विरोधको अवधारणा अघि सारेका हुन् । उनको चिन्तनलाई लिएर अध्ययन गर्दा यस गाथामा व्यवस्था र अराजकता, प्रकृति र संस्कृति, मानव र देवता, जीवन र मृत्यु, करूण रस र वीर रस, वर्तमान र अतीत आदि विरोधाभासहरू भेटिन्छन् र गाथाको मुख्य उद्देश्य तिनै विरोधाभासहरूको समाधान गर्नु देखिन्छ। यस्तै मेलिनोभ्सकीका दृष्टिमा नायकले दानधर्मद्वारा आफ्नो शक्तिलाई नैतिक औचित्य दिएको पाइन्छ साथै रानीको सतीगमनले मृत्युको दुःख र आघातलाई सामूहिक गौरवमा बदली भावनात्मक शून्यताको समाधान गरी सामाजिक, मनोवैज्ञानिक प्रकार्य पूरा गरेको भेटिन्छ। मिर्चिया इलियाडका अनुसार आन्तरिक संरचनालाई खोतल्नका लागि गाथाभित्रको पवित्रता र आध्यात्मिक आयामको पाटोलाई पनि खोज्नुपर्दछ। गाथाका नायकको जीवनमा अलौकिक तत्वको समावेशले नायकको शासनसत्तामा भएको उदयले तत्कालीन समयलाई पवित्र समयका रूपमा स्थापित गर्दछ र उनको आदर्शलाई प्रस्तुत गर्दछ। यस गाथाको निरन्तर गायन श्रवणमार्फत अतीतको समयलाई वर्तमानमा फर्काएर जनतालाई नवीकरण र शक्ति प्रदान गरी प्रासङ्गिकता स्थापित गरेको भेटिन्छ। स्ट्राउसका विचारको कसीमा प्रस्तुत गाथाको अध्ययन गर्दा समग्रमा नेपालको राजनीतिक इतिहासमा जङ्गबहादुरको बहादुरी, पुरुषार्थ, राणाहरूको शासन प्रकृति, सती प्रथाको प्रभाव, सांस्कृतिक मूल्यजस्ता बहुविषयलाई बुझ्न सकिन्छ ।

**सन्दर्भसामग्री**


Cudden, J.A*(1962). The Penguin dictionary of literary terms and literary theory* (3rd ed.)., Penguin Books.

Eliade, M. (1963). *Myth and Reality*. (W. R. Trask, Trans.). Harper and Row.

Levi –strauss, C.(1979). *The structural study of myth*. In W. A. Lessa and E. Z. Vogt (Eds.), Reader in comparative religion (4th ed.)., Harper and Row.

Malinowski, B. (1948). *Myth in Primitive Psychology*. In R. Redfield (Ed.), Magic, science and religion and other essays. The Free Press.

उप्रेती, सञ्जीव.(२०६८).*सिद्धान्तका कुरा.* अक्षर क्रियसन्स नेपाल ।

कक्षपति, सावित्री. (२०७८). *उत्तरवर्ती चरणका नेपाली कथामा संस्कृति.* नेराप्रप्र ।

गौतम, कृष्ण. (२०५०). *आधुनिक आलोचना : अनेक रूप अनेक पठन.* साझा प्रकाशन ।

अधिकारी, इन्द्रविलास. (२०६१). *पश्चिमी साहित्य सिद्धान्त.* साझा प्रकाशन ।

बन्धु, चूडामणि.(२०५८).*नेपाली लोकसाहित्य.* एकता प्रकाशन ।

त्रिपाठी, वासुदेव. (२०४९).*पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा* (भाग २). साझा प्रकाशन ।

पराजुली, मोतीलाल.(२०४९).*नेपाली लोकगाथा.* श्रीमती तारादेवी पराजुली ।

पराजुली, मोतीलाल. (२०७१).*नेपाली लोककथा सिद्धान्त र विश्लेषण.* विवेक सिर्जनशील प्रकाशन ।

पौडेल, एकनारायण.(२०७०).*समालोचनाको स्वरूप र पद्धति.* विमर्श नेपाल चितवन ।

मल्ल, महेन्द्रकुमार. (सन् २०२०). ध्रुवचन्द्र गौतमका उपन्यासमा मिथकीय सन्दर्भसार. पाटन प्रज्ञा, ६ (१), पृ. २२९- २३८ ।

राणा, जगदीशशमशेर. (२०४५). *दश दृष्टिकोण.* श्रीमती भुवन राणा ।

लामिछाने, कपिलदेव. (२०७७). *लोकसाहित्य सिद्धान्त.* नेपाल प्रज्ञा प्रतिष्ठान ।

लुइटेल, खगेन्द्रप्रसाद.(२०६२).*कविताको संरचनात्मक विश्लेषण.* विद्यार्थी प्रकाशन ।

शर्मा, मोहनराज र लुइटेल, खगेन्द्रप्रसाद. (२०६३). *लोकवार्ताविज्ञान र लोकसाहित्य.* विद्यार्थी प्रकाशन ।

श्रीवास्तव, अर्चना. (सन् १९९१). *भारतीय तथा पाश्चात्य काव्यशास्त्र.* विश्वविद्यालय प्रकाशन ।